"समृद्ध आमचोक गाउँपालिका : सुखी र सुसंस्कृत आमचोकबासी"
आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर

प.सं. : २०८०/०८१
च.नं.

मिति:२०८०/०६/०४

विषय: विज्ञप्ती ।

नेपाल सरकारले विद्यालय शिक्षा विधेयक, २०८० संसदमा दर्ता गरेको कुरालाई लिएर विभिन्न आफ्ना मागहरु राख्दै नेपाल शिक्षक महासंघले यहि असोज ३ गते देखि आन्दोलनको घोषणा गरे सँगै यहाँ पालिकास्तरीय महासंघको अनिश्चितकालीन विद्यालय बन्द गर्ने विज्ञप्ती प्रकाशन भएको कुराले आमचोक गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस घोषित आन्दोलन निश्चित पेशागत स्वार्थ र उद्देश्यबाट मात्र प्रेरित नभई देशको आम विद्यालय र विद्यार्थीहरुको हित, शैक्षिक समानता र शैक्षिक गुणस्तरको पक्षमा लाग्न सकोस भन्ने शुभकामना साथ संसदमा दर्ता भएको विधेयकमा नमिलेका र छुटेका कुराहरुलाई संशोधन गरेर विद्यालय र शिक्षाको एक उत्कृष्ट ऐनको रुपमा पारित गर्न सकौ । यस मानेमा महासंघको यो आन्दोलन प्रति ऐक्यवद्धता र समर्थन छ ।

तर आफ्नो आन्दोलनले सा-साना बालबालिका र किशोरकिशोरीहरुको पठनपाठन लाई अवरुद्ध गर्दा उनीहरुको भविष्यमा नकरात्मक असर पुग्ने कुरालाई ध्यान राख्नै पर्दछ । अझ बालबालिका र किशोरकिशोरीहरु राष्ट्रको महत्वपूर्ण र संवेदनशील उमेर समूह हुन् भन्ने कुरा हामीलाई पूर्ण अवगत नै छ । त्यसैले आन्दोलन गर्न पाउने हकलाई सुनिश्चित गर्दै पढ्न पाउने अधिकारलाई नविर्सन अनुरोध साथ आमचोक गाउँपालिकाको कुनैपनि विद्यालय बन्द नगरी पठनपाठन सुचारु गरिदिन हार्दिक अपिल गर्दछौ । यस अनुरोध र गम्भीरतालाई वेवास्ता गरी विद्यालय अनिश्चितकालीन बन्द रहदा उत्पन्न हुने सम्पूर्ण शैक्षिक, मनोवैज्ञानिक, सामाजिक एवंम् भौतिक असहज परिस्थिति प्रति स्वंयम् महासंघ जिम्मेवार रहने कुरा समेत जानकारी अनुरोध छ । बौद्धिक जमातले गरेको यस आन्दोलन सभ्य, अनुशासित र अर्थपूर्ण हुनेछ । यस आन्दोलनले आम अभिभावक र विद्यार्थीहरुको मनोभावना अनुरुप पठनपाठनबाट बञ्चित गराइने छैन भन्ने कुरामा विश्वस्त छौ । धन्यावद ।

...................
अशोक राई
अध्यक्ष

अशोक राई
अध्यक्ष

इमेल:ito.aamchowkmun@gmail.com, info@aamchowkmun.gov.np
Website: www.aamchowkmun.gov.np Facebook: facebook.com/aamchowk.gaunpalika